
**अध्यक्ष थमस एस् मनसनद्वारा**



# अगमवक्ताहरु निर्देशित गर्नका लागि हुनुहुन्छ

कही वर्ष अगाडि म सल्ट लेक मन्दिरको कोठामा बसिरहेको थिएँ जहाँ प्रथम अध्यक्षा र बाह्र प्रेरित गणका सदस्यहरु हप्ताको एक पटक भेट गर्नुहुन्छ। प्रथम अध्यक्षताको तस्वीर राखिएको भित्तामा एकोहोरो हेरिरहेँ अनि त्यहाँ मैले चर्चका हरेक अध्यक्षहरुको तस्वीर देखेँ।

जब मैले तिनीहरुलाई हेरिरहेँ, मेरा पूर्ववर्ति अध्यक्ष जोसेफ स्मिथ (१८०५-४४) देखि अध्यक्ष गोर्डन बि हिङक्ली (१९१०-२०८) सम्म, मलाई लाग्यो "उहाँहरु हरेकको निर्देशनका लागि म कति कृतज्ञ छु।"

यी धेरै महान् मानिसहरु हुनुहुन्छ जो कहिल्यै डगमगाउनु भएन, कमजोर बन्नुभएन र कहिल्यै असफल बन्नुभएन। यी परमेश्वरका मानिसहरु हुन्। जब म मैले चिनेका र माया गर्ने अधुनिक समयका अगमबक्ताहरुका बारेमा सोच्दछु, मलाई उहाँहरुको जिवन, विशेषताहरु, उहाँहरुले दिनुभएका प्रेरणादायी प्रवचनहरु याद आउँदछ।

अध्यक्ष हिवर जे ग्रेन्ट (१८५६-१९४५) म जन्मिदा चर्चको अध्यक्ष हुनुहुन्थ्यो। जब मैले उहाँको जीवन र शिक्षालाई मनन गर्छु, मलाई विश्वास छ अध्यक्ष ग्रेन्ट सधैँ उदाहरणीय बन्नुभएको विशेषता भनेको दृढताको हो - त्यस्ता चीजहरु दृढता जुन असल र महान् छन्।

अध्यक्ष जर्ज अल्वर्ट स्मिथ (१८७०-१९५१) सल्ट लेक सिटीको मेरो वार्डमा मैले विशपका रुपमा सेवा गर्दाको समयमा अध्यक्ष हुनुहुन्थ्यो। उहाँले परमप्रभु र प्रतिपक्षी बीचमा महान् युद्ध भइरहेको अवलोकन गर्नुभयो।"तपाईं परमप्रभु तर्फको धर्कोमा उभिनुभयो भने" उहाँले सिकाउनुभयो, "तपाईं उहाँको प्रभावमा हुनुहुन्छ र गलत कार्य गर्ने कुनै चाहना हुनेछैन।"१

१९६३ मा मलाई बाह्र प्रेरित गणको सदस्यका रुपमा सेवा गर्नका लागि अध्यक्ष डेभिड ओ मके (१८७३-१९७०) ले बोलावट दिनुभएको थियो। उहाँले आफूले जीवन जिउने तरिकाबाट अरुहरुलाई महत्व दिने कुरा सिकाउनुभयो। उहाँले भन्नुभयो "सही क्रिश्चियानिटी"भनेको कार्यमा देखिने प्रेम हो।" २

अध्यक्ष जोसेफ फिल्डिङ स्मिथ (१८७६-१९७२) जो चर्चको बहुआयामिक लेखक हुनुहुन्थ्यो। उहाँका लागि सुसमाचारको विद्वता जिवन निर्देशन गर्ने सिद्धान्त थियो। उहाँले निरन्तर रुपमा धर्मशास्त्रहरुको अध्ययन गर्नुभयो र मैले अहिले सम्म चिनेकाहरु मध्ये सिकाइ र सिद्धान्तसँगै तिनीहरुका पृष्टहरुसँग पनि परिचित हुनुहुन्थ्यो।

म सानो केटा हुँदा अध्यक्ष हेरोल्र्ड बी ली (१८९९-१९७३) ले मेरो स्टेक अध्यक्षका रुपमा सेवा गर्नुभयो। "तपाईं पवित्र स्थानमा उभिनुहोस् र विचलित नहुनुहोस्" भन्ने उहाँको मनपर्ने उद्धरण थियो। ३ उहाँले सन्तहरुलाई पवित्र आत्माको मन्द आवाजलाई चिन्न, त्यसलाई जवाफ दिन प्रोत्साहन गर्नुभयो।

अध्यक्ष स्पेन्सर डबल्यू किम्वल (१८९५-१९८५) को जिवनलाई निर्देशित गर्ने सिद्धान्त समर्पण थियो भनेर म विश्वास गर्छु । उहाँ पूर्ण, स्पष्ट रुपमा परमप्रभुमा समर्पित हुनुहन्थ्यो। उहाँ सुसमाचार अनुसार जिउनमा पनि समर्पित हुनुहुन्थ्यो।

जब अध्यक्ष एज्रा टाफ्ट बेन्सन (१८९९-१९९४) चर्चको अध्यक्ष बन्नुभयो उहाँले प्रथम अध्यक्षतामा आफ्नो दोस्रो सल्लाहकारका रुपमा सेवा गर्न मलाई बोलावट दिनुभयो। प्रेम नै उहाँलाई निर्देशित गर्ने सिद्धान्त थियो जुन रक्षकले उल्लेख गर्नुभएको उहाँको मनपर्ने उद्धरणमा समाहित थियो। "तिमी कस्तो प्रकारको मानव बन्नु पर्छ ? हेर म तिमीलाई भन्छु म जस्तै बन।"४

अध्यक्ष हाउवर्ड डबल्यू हन्टर (१९०७-९५) यस्तो हुनुहुन्थ्यो जसले सधैँ अरुहरुमा उत्तम चीज खोज्नुभयो। उहाँ सधैँ विनम्र हुनुहुन्थ्यो। उहाँको दोस्रो सल्लाहकारका रुपमा सेवा गर्न पाउनु मेरो सौभाग्य थियो।

अध्यक्ष गोर्डन बि हिङ्क्लीले हामीलाई उत्तम प्रयास गर्न सिकाउनुभयो। उहाँले रक्षक र उहाँको उद्देश्यकाबारेमा प्रभावकारी गवाही बाँढ्नुभयो। उहाँले हामीलाई प्रेमपूर्वक सिकाउनुभयो। पहिलो सल्लाहकारका रुपमा सेवा गर्नु मेरा लागि सम्मान र एक आशीष हो।

मक्तिदाताले हामीलाई प्रेम गर्ने हुनाले अगमवक्ता पठाउनुहुन्छ। यो अक्टोवरको साधारण सम्मेलनमा चर्चका साधारण अधिकारीहरुलाई उहाँका वचनहरु बाँढ्ने सौभाग्य हुनेछ। हामीले यो दायित्वलाई गम्भीरता र विनम्रताका साथ लिन्छौँ।

हामी कति आशीषित छौँ कि पछिल्ला दिनका सन्तहरुको येशू खीष्टको चर्च पृथ्वीमा छ र चर्च प्रकाशको चट्टानमा आधारित छ। निरन्तरको प्रकाश येशू खीष्टको सुसमाचारको जीवन हो।

साधारण सम्मेलनको समयमा प्रचुरतामा व्यक्तिगत प्रकाश प्राप्त गर्न हामी तयारी गर्न सकौं। जीवित अगमवक्ता र प्रेरितहरुलाई समर्थन गर्नका लागि हामीले हाम्रा हातहरु उठाउँदा हाम्रो हृदय गहिरो समर्पणले भरिपूर्ण भएको होस्। उहाँहरुको सन्देश सुन्दा हामी ज्योतिमय, प्रोत्साहित, सान्त्वना प्राप्त गर्ने र मजबुत बनोका हऔँ। अनि हामी आफूस्वयम्मा परमप्रभु येशु खीष्ट, उहाँको सुसमाचार र उहाँको कार्यमा पूनः प्रतिवद्धता गर्न तयार हऔँ र उहाँका आज्ञाहरुको पालना गर्न र उहाँको चाहनालाई परिपूर्ति गर्न हामी नयाँ सचेतना सहित जियौँ।

**नोटहरु**

१.*Teachings of Presidents of the Church: George Albert Smith* (२०११), १९१।
२.*Teachings of Presidents of the Church: David O. McKay* (२००३), १८१
३.सिद्धान्त र करार ८७:८।
४.३ नफी २७:२७

---

## यो सन्देशबाट सिकाउने

उहाँ अगाडिका अगमवक्ताहरुबाट सिकेका प्रभावशाली पाठहरुका बारेमा अध्यक्ष मनसनले बताउनुभयो। उहाँले मुक्तिदाताले हामीलाई प्रेम गर्ने हुनाले उहाँले अगमवक्ता पठाउनुहुन्छ भनेर पनि हामीलाई स्मरण गराउनुभयो। तपाईंले सिकाउनेहरुलाई सेवा गर्ने क्रममा अगमवक्ता र प्रेरितहरु हाम्रा लागि कसरी परमेश्वरको प्रेमका संकेतहरु हुनुहुन्छ भनेर तपाईंले छलफल गर्न सक्नुहुन्छ। अध्यक्ष मनसनले पुराना साधारण सम्मेलनहरुमा गर्नुभएका सम्बोधनहरु मध्येबाट कुनै एक निर्देशनलाई बाँढ्ने कुरालाई महत्व दिनुहोस्। मुक्तिदाताको प्रेमलाई महसुस गर्न अभिप्रेरित र सहयोग गर्ने वक्तव्यहरुलाई समीक्षा गरेर आगामी साधारण सम्मेलनका लागि तयारी गर्न तपाईंले सिकाउनेहरुलाई आमन्त्रण गर्नुहोस्।

युवा

## अगमवक्ताका लागि हामी परमेश्वर हजुरलाई धन्यवाद दिन्छौँ

हाम्रा अगमवक्ता अध्यक्ष थमस एस् मनसनले तपाईंलाई कसरी प्रभाव पार्नुभएको छ? उहाँका बारेमा तपाईंले धेरै सम्झिने कुरा के हो? यो सन्देशमा उहाँले सम्झने हरेक अगमवक्ताले अध्यक्ष मनसनको जीवनमा पारेको प्रभावलाई उहाँले वर्णन गरे जस्तै प्रभाव र उहाँको जीवनका बारेमा तपाईंको दैनिकीमा लेख्ने कुरालाई महत्व दिनुहोस्।

उहाँको उद्धरणलाई तपाईं आफूले प्रायजसो देख्ने ठाउँमा जस्तै विद्यालयको बाइन्डर वा तपाईंको कोठामा एउटा नोटमा राख्न सक्नुहुन्छ। तपाईंले यसबाट तस्वीर उद्धरण पनि बनाउन सक्नुहुन्छ अनि तपाईंको फोनको पृष्टभूमी बनाउन सक्नुहुन्छ। तपाईंले हरेक पटक उद्धरण हेर्दा तपाईंले जीवित अगमवक्ताको महत्वका बारेमा प्रतिविम्वित गर्न अनि उहाँ आज हामीलाई माया र निर्देशन गर्नका लागि यहाँ हुनुहन्छ भनेर सम्झिन सक्नुहुन्छ।

lds.org/go/9176 बाट तपाईंले यसमा संगीत डाउनलोड गर्न सक्नुहुन्छ "We Thank Thee, O God, for a Prophet"

बच्चहरु

## अगमवक्ताहरु हामीलाई खीष्ट सम्म निर्देशित गर्नहुन्छ

उहाँले हामीलाई माया गर्ने हुनाले मुक्तिदाताले हामीलाई अगवक्ता दिनुहुन्छ। अगमवक्ताको अनुशरण गर्नाले हामीलाई सही कुरा छनौट गर्न सजिलो हुन्छ। अगमवक्ताको अनुशरण गर्नका लागि तपाईंले गर्न सक्ने दुई कुराहरु के के हुन्?

© 2017 Intellectual Reserve, Inc द्वारा सर्वाधिकार सुरक्षित। संयुक्त राज्य अमेरिकामा मुद्रित। अङ्ग्रेजी अनुमोदनः ६/१६। अनुवाद अनुमोदनः ६/१६। 97929 000-372 को अनुवाद।

# एक हृदयको

*के बाँड्ने भनेर थाहा पाउनका लागि प्रार्थनापूर्वक यो सामग्रीको अध्ययन गर्नुहोस् । राहत समाजको उद्देश्यलाई बुझ्नाले परमेश्वरका छोरीहरूलाई अनन्त जीवनका आशीषहरूका लागि कसरी तयार गर्दछ ?*

आस्था, परिवार, राहत

"अनि परमप्रमुले उहाँका मानिसहरुलाई सियोन भन्नुभयो किनकि तिनीहरु एकै हृदय र एकै मष्तिस्कका थिए र धार्मिकतामा जिउँथे अनि तिनीहरु बीचमा त्यहाँ कोही पनि गरीब थिएन"(मोसा ७:१८) हामी कसरी एक बन्न सक्छौं ?

बाह्र प्रेरित गणका एल्डर एम् रसल बलार्डले भन्नुभयो, "अंग्रेजी शब्द एटवानमेनट् (प्रायश्चित्त) मा वान (एक) भन्ने शब्द छ । यदि सबै मानव जातीले यो बुझ्ने हो भने उमेर, जाती, लिङ्ग धर्म वा सामाजिक वा आर्थिक स्थिति जे भए तापनि हामीले चासो नराख्ने कोही पनि हुने थिएनन् । हामीले मुक्तिदातालाई अनुकरण गर्न सक्दो प्रयास गर्नेथियौं भने हामी कहिल्यै पनि निर्दयी, उदासीन, अशिष्ट वा असम्वेदनशील हुनेथियो ।"१

प्रथम अध्यक्षताका पहिलो सल्लाहकार अध्यक्ष हेनरी बी आइरिङले सिकाउनुभयो, "जहाँ मानिसहरुसँग आत्मा हुन्छ, उहाँहरु सद्भावको अपेक्षा गर्नेछन् । ... परमेश्वरको आत्माले कहिल्यै पनि विवाद निम्त्याउँदैन ( ३ नफी ११:२९ हेर्नुहोस्) । ... यसले व्यक्तिगत शान्ति र अरुहरुसँगको एकताको अनुभव तर्फ अगुवाइ गर्छ ।"२

परिवारका चुनौतीहरुमा बोल्दै राहत समाज साधारण अध्यक्षतामा पहिलो सल्लाहकारका रूपमा सेवा गरेकी क्यारोल एम् स्टेफेन्स्ले भन्नुभयो, "मैले कहित्यै पनि सम्बन्ध विच्छेदको परिस्थिति, परित्यागबाट आउने पीडा र असुरक्षा वा एकल महिलासँग सम्बन्धित दायित्वहरुमा बाँच्नुपरेन । मैले सन्तानको मृत्यु, बाँझोपन, वा उही लिङ्गकासँगको आकर्षणको अनुभव गर्न परेन । मैले हिँसा, चीर कालिन बिरामीपना वा दुर्व्यसनको अनुभव गर्नु परेन । यी मलाई तन्काउने अवसरहरु बनेनन् ।"

"... तरपनि मेरा व्यक्तिगत परीक्षाहरु र चुनौतीहरुका माध्यमबाट ... जसले बुझ्छ उहाँसँग म राम्ररी परिचित भएको छु... अनि थपमा, मैले छोरी, आमा, हजुरआमा, दिदीबहिनी, काकी र साथीका नजरबाट सबै प्रकारका भौतिक परीक्षाहरुको अनुभव गरेको छु जसलाई मैले भर्खरै बताएँ ।"

"करारको पालना गर्ने परमेश्वरका छोरीहरुका रुपमा केवल हाम्रा चुनौतीहरुबाट सिक्नु मात्रै हाम्रो सुअवसर होइन, हामीले परमेश्वरको परिवारका अन्य सदस्यहरुलाई उहाँहरुका चुनौतीहरुमा सहयोग गर्दा सहानुभूति र करुणामा एकतृत गर्नु पनि हो ।"३

### *थप धर्मशास्त्रहरु र जानकारी*

यूहन्ना १७:२०-२३; एफिसि ४:१५; मोसा १८:२१-२२; ४ नफी १:१५

**नोटहरु**

१.एम् रसल बलार्ड "The Atonement and the Value of One Soul," *Liahona*, मे २००४, ८६.
२.हेनरी बी आइरिङ "That We May Be One," मे १९९८, ६७ ।
३.क्यारोल एम् स्टेफेन्स् "The Family Is of God," *Liahona*, मे २०१५, ११-१२ ।

### *यसलाई विचार गर्नेहोस्*

एकअर्का प्रतिको एकताले कसरी हामीलाई परमेश्वरमा एक हुन सहयोग गर्छ ?

© 2017 Intellectual Reserve, Inc द्वारा सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६ । 97929 372 को अनुवाद ।